परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक
वर्ष : ३ अंक : ३१७ पृष्ठ ४ २०८२ भदौ १५ गते, आईतबार 31 August, 2025 मूल्य रु. ५/-
हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




### होटल तथा पर्यटन क्षेत्र आर्थिक
## विकास र रोजगारीको आधार : नगर प्रमुख क्षेत्री



● टक नेपाल

नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशको छैठौं वार्षिक साधारणसभा शनिबार धनुषाको लालगढस्थित गौतम होटलमा सम्पन्न भएको छ। साधारणसभा महासंघ मधेश प्रदेशका अध्यक्ष हिरालाल गौतमको अध्यक्षतामा सुरु भएको थियो ।

कार्यक्रममा विशेष अतिथिका रूपमा सहभागी बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रह्लाद कुमार क्षेत्रीले मधेश प्रदेशको आर्थिक विकास, रोजगारी सृजना र समृद्धिको महत्वपूर्ण आधारका रूपमा होटल तथा पर्यटन क्षेत्रलाई अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याए। उनले पर्यटन प्रवर्द्धनमा निजी-सार्वजनिक साझेदारी अनिवार्य रहेको उल्लेख गर्दै, स्थानीय तहहरूलाई पनि पर्यटन विकास र प्रवर्द्धनमा सक्रिय रुपमा जोडिने प्रतिबद्धता व्यक्त गरे ।

महासंघका अध्यक्ष हिरालाल गौतमले आफ्नो सम्बोधनमा "घुमौं मधेश, बुझौं प्रदेश" अभियानमार्फत प्रदेशभर रहेका पर्यटकीय गन्तव्यहरूको पहिचान तथा प्रचार-प्रसार भइरहेको जानकारी दिए। उनले मधेश प्रदेशलाई समृद्ध बनाउन होटल तथा पर्यटन क्षेत्रलाई व्यवस्थित र दिगो बनाउने महासंघको रणनीति रहेको स्पष्ट पार्दै, प्रदेश तथा स्थानीय तहबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउन महासंघ निरन्तर सक्रिय रहेको उल्लेख गरे ।

उनका अनुसार, पर्यटन पूर्वाधार विस्तार, होटल तथा सेवा गुणस्तर अभिवृद्धि, आन्तरिक तथा बाह्य पर्यटक आकर्षणलाई प्राथमिकतामा राखेर महासंघले हाल मधेश प्रदेशका सबै ८ जिल्लामा कार्यक्रम सञ्चालन गर्दै आएको छ। साथै, स्थानीय संस्कृति, कला, खानपान र जीवनशैलीलाई पनि पर्यटकसम्म पुर्‍याउन महासंघ प्रतिबद्ध रहेको उनले बताए ।

साधारणसभामा महासंघका पदाधिकारी, होटल तथा पर्यटन व्यवसायी, स्थानीय सरोकारवाला निकायका प्रतिनिधि, विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको समेत उल्लेख्य उपस्थिति रहेको थियो । साधारणसभामा महासंघको विगत एक वर्षको कार्यप्रगति प्रस्तुत गरिएको थियो भने, आगामी वर्षका योजना र कार्यदिशा बारे पनि छलफल गरिएको थियो ।

### 'सबैका लागि हामी' संस्थाद्वारा
## हिरा गौतमलाई बर्दिवास वर्ष व्यक्ति सम्मान



● मिथलेश महतो

'सबैका लागि हामी' संस्थाले शनिबार बर्दिवासस्थित होटेल पावन मिथिलामा तेस्रो वार्षिक साधारणसभा तथा ' बर्दिवास वर्ष व्यक्ति सम्मान-२०८१' कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष दिपेश सापकोटाले स्वागत मन्तव्य राखेका थिए भने महासचिव विशाल दर्नालले २०७९ सालमा स्थापना भएको संस्थाले हालसम्म गरेका गतिविधि र २०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

सदस्य रोमन निरौलाले संस्थाले स्थानीय सरकारसँग निरन्तर सहकार्य गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा अझ प्रभावकारी साझेदारी हुने अपेक्षा व्यक्त गरे। सोही अवसरमा संस्थाको तीन वर्षे यात्रालाई प्रतिबिम्बित गर्ने वृत्तचित्र पनि प्रदर्शित गरिएको थियो।

यसपटकको 'बर्दिवास वर्ष व्यक्ति सम्मान' नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेस प्रदेशका अध्यक्ष हिरा गौतमलाई प्रदान गरिएको हो। यसअघि पहिलो संस्करणमा कृष्णप्रसाद देवकोटा सम्मानित भएका थिए। सम्मान ग्रहण गर्दै गौतमले आफ्नो नेतृत्वकालीन क्रियाकलापलाई कदर गरेकोमा संस्थाप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पर्यटन व्यवसायलाई अझ मजबुत बनाउने प्रतिबद्धता जनाए।

कार्यक्रममा प्रहरी नायब निरीक्षक सरोज अधिकारीले लागूऔषध

बाकी पृष्ठ २.....









पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### समय, स्रष्टा र रचना

स्रष्टाले आफ्नो रचनामा आफू बाँचेको समयलाई अभिव्यक्ति दिन्छ। स्रष्टाका रचनामा अतीत र भविष्य पनि बोल्छन् तर वर्तमानसँग जोडिएर। समयलाई अभिव्यक्ति दिनु त्यसका उज्याला-अँध्यारा, आशा-निराशा, सुख-दुःख, घात-प्रतिघात, स्वप्न-सङ्घर्षलाई अभिव्यक्ति दिनु हो। मनुष्य जीवन, समाजका समग्र पक्ष र क्रियाकलापसँग जोडिएरै समयले अर्थ ग्रहण गर्छ। मनुष्यले नै समयलाई अर्थ प्रदान गर्छ। मनुष्यविना समयको अर्थ अनुभवका दृष्टिले शून्य रहन्छ। समयको प्रयोग साहित्यमा मनुष्यको पर्यायका रूपमा हुन्छ। साहित्यमा समय बोल्छ भन्नु मनुष्य बोल्छ भन्नु हो। मनुष्य बोल्छ भन्नु उसका यावत् पक्ष बोल्छन् भन्नु हो। साहित्यमा घडीको सुई र टिकटिक आवाज मात्र होइन समय। मानिसको अस्तित्व, चेतना, जीवनबोध, अनुभूति, संवेदना, स्मृति, क्षणभङ्गुरता, सङ्घर्ष आदिको रूपकका रूपमा समय साहित्यमा आउँछ। भौतिक दृष्टिमा समयलाई घटनाको क्रमबद्धता, एउटा विन्दुबाट अर्को विन्दुको दूरी एवं गतिशीलताको रूपमा हेरिन्छ, तर साहित्यमा यो अर्थ अपर्याप्त हुन्छ। विशुद्ध भौतिक दृष्टिमा समय मनुष्यविना पनि अस्तित्वमा रहन्छ। साहित्य र दर्शनमा यस्तो हुँदैन। चेतना र अनुभूतिविना यसलाई परिभाषित गर्न कठिन हुन्छ। समयसँग स्रष्टाको सम्बन्धको चरित्र एउटै छैन। फरक-फरक ढङ्गले स्रष्टाका रचनामा समयले अभिव्यक्ति पाएको छ। यो भिन्नता हामी संज्ञान, विचार, संवेदना, अनुभव, यथार्थको प्रतिविम्बन, प्रतिविम्बनको तरिका, संरचना आदिमा पनि पाउँछौं। समयको सिर्जनात्मक अभिव्यञ्जनामा यिनले सबैभन्दा बढी अर्थ राख्छन्।



# बिजनेश ईन्भेस्टमेन्ट ग्रुप प्रा. लि..

काठमाडौं महानगरपालिका वडा नं. ४ धुम्बाराही,
काठमाडौं, नेपाल

**होटल रामिणी निर्माण र संचालन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/०५/ १५)

मधेश प्रदेश महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका अन्तर्गत पर्ने बर्दिबास नगरपालिका वार्ड नंः १ मा **"होटल रामिणी निर्माण र संचालन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE)"** गर्न बिजनेश ईन्भेस्टमेन्ट ग्रुप प्रा. लि., काठमाडौंद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | बिजनेश ईन्भेस्टमेन्ट ग्रुप प्रा. लि..<br>ठेगानाः काठमाडौं महानगरपालिका वडा नं. ४ धुम्बाराही, काठमाडौं जिल्ला, बागमती, नेपाल । |
| प्रस्तावको व्यहोरा | प्रतावित होटेलको कुल जमिनको क्षेत्रफल ५८४५.५० वर्ग मिटर [(११-०७-०३-१.५) in Ropani] बर्दिबास नगरपालिका वडा नं : १ साविक २५ नं. बहादुरगंज वडा नं. १ ख कित्ता नं. २४८, ७१५, ४७५, २५२१, २५२२, २५२३, २६९७, ७१४ भवनले ओगटेको जग्गाको कुल क्षेत्रफ़ल — १९७३.२५ वर्ग मिटर (Block A – ९७२.३१, Block B – ४७३.४, Sport Block – ३४२.५४, Service – १८५) ५८४५.५० वर्ग मिटर (६२,४३०.८४ sqft).<br>भवनले ओगटेको जग्गाको कुल क्षेत्रफ़ल १४४५.७१ (प्रसासनिक भवन, स्विमिङ पुल, जीम, सौचालय, changing Shops and Service आदि) |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. | बर्दिबास नगरपालिका वार्ड नं. १, दहाल होटल अगाडी पिपल चौतारामा , महोत्तरी जिल्ला, मधेश प्रदेश |

वातावरण संरक्षण ऐन २०७६, को दफा ३ को उपदफा ५ बमोजिम सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाकोहरुसंग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्नलिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना हुने भएकोले उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय-सुझावहरु दिनु हुन अनुरोध गर्दछौं।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

| | |
|---|---|
| **स्थान** | बर्दिबास नगरपालिका वार्ड नं. १, दहाल होटल अगाडी पिपल चौतारामा , महोत्तरी जिल्ला, मधेश प्रदेश |
| **मितिः** | २०८२/०५/२२ आईतबार |
| **समयः** | दिनको १.०० बजे |



## 'सबैका लागि हामी' संस्थाद्वारा...

नियन्त्रणसम्बन्धी अनुभव सुनाउँदै शुभकामना दिएका थिए भने रोट्याक्ट अध्यक्ष सरोज गजमेर, युवा नेता विनोद ढुङ्गेलगायतले पनि बधाई मन्तव्य राखेका थिए।

बर्दिवास नगरपालिकाका मेयर प्रह्लाद कुमार क्षेत्रीले कार्यक्रममा विशेष उपस्थिती जनाउँदै संस्थाले गरेका सामाजिक कार्यको प्रशंसा गर्दै नगरपालिकाबाट निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरे।

समापन मन्तव्य दिँदै संस्थाका अध्यक्ष रवि निरौलाले आगामी दिनमा समाजहितका कार्यक्रमलाई अझ सबल र प्रभावकारी बनाउन निरन्तर अग्रसर रहने बताए।

साधारण सभाबाट संस्थाको नयाँ कार्यसमिति पनि सर्वसम्मत निर्वाचित भएको छ। नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरू यसप्रकार छन् :

अध्यक्ष : सुनिल साह

उपाध्यक्ष : दिपेश शापकोटा

महासचिव : विशाल दर्नाल

सचिव : इमेश साह सोनार

कोषाध्यक्ष : मिन बहादुर थापा

त्यस्तै, कार्यसमिति सदस्यहरूमा सन्जित कुमार लामा, अनिता खनाल, युकेश कुमार ठकुरी, सन्तोष भुमिहार, पर्शुराम चौधरी, अशोक गौतम, सागर बस्नेत र बरदानसिंह आले निर्वाचित भएका छन्।

नवनिर्वाचित नेतृत्वबारे जानकारी संस्थाकी सदस्य अनिता खनाल (अनु) ले दिएकी थिइन्।










# छाउले निम्त्याएको उत्पीडन

● टक नेपाल

पार्वती बुढा रावत २१ वर्षको कलिलो उमेरमा छाउगोठमै मरिन् । उनी साफेबगर नगरपालिका ३, अछाम जिल्लाकी बासिन्दा थिइन् । प्रतिवेदनले उनको छाउगोठमा धुवाँले निसास्सिएर मरेको अनुमान लगायो । उनको दाहसंस्कार भयो, सकियो । धुँवाबाटै निसास्सिएर १५ वर्षीय रोसनी तिरुवाको पनि किशोरावस्थामै छाउगोठमै इहलीला समाप्त भयो । अछाम जिल्लाकै २६ वर्षीय डम्बर उपाध्याय पनि छाउगोठमै मरिन् । उनको मृत्यु अहिलेसम्म पनि शङ्कास्पद नै छ ।

२०७५ सालको फागुन महिनामा एक ३५ वर्षीय आमाको (अम्बा बोहोरा) छाउगोठमै मृत्यु भयो । साथमा उनका ९ र १२ वर्षीय दुई छोरा (अमित र सुरेश) पनि थिए । तिनै जना आमा छोराको आगोको धुवाँले निसास्सिएर ज्यान गएको भन्ने कारण खुल्यो । यो घटना बाजुरा जिल्लाको हो । घरमा कोही थिएन सायद । त्यसैले छोराहरूलाई पनि साथमै लिएर छाउगोठ गइन् र सँगै सुताइन् । उनीहरू त्यसै रात निसास्सिएर मरे । गाउँलेहरूलाई उनीहरू मरेको थाहै भएन । धेरै दिनसम्म कोही नदेखिएपछि उनीहरू छाउगोठमै मृत अवस्थामा भेटिए । यो बीभत्स र कारुणिक मृत्यु थियो ।

अस्ति भरखर मात्र असार महिनाको २९ गते कमला आउजी पनि छाउगोठमै मरिन् । उनी कन्चनपुर जिल्लाको कृष्णपुर नगरपालिका, वडा नं. १, निगालीकी स्थानीय बासिन्दा हुन् । जम्मा २८ वर्षीय कमला आउजी छाउगोठमा मरिन् । सुतिरहेको अवस्थामा उनको गालामा सर्पले डस्यो । यसै सर्पदंशका कारण उनको निधन भयो । इन्सेक नेपालको प्रतिवेदन अनुसार २०६३ देखि २०७३ सम्मको दशकमा १४ जना महिला छाउगोठमा मेरेको तथ्याङ्क छ । ज्यान गुमाउनेहरू १४ वर्षदेखि ३५ वर्ष उमेर समूहका छन् । छाउगोठकै कारण यी

सबैजनाले अकालमै ज्यान गुमाउनु पऱ्यो । यसमा समाजको कुनै पनि दोष देखिँदैन । त्यो सबै दोष छाउ र छाउपडीकै हुन्छ । बुज्रुक समाज सबै जोगिन्छन् ।

यस्ता छाउ र छाउपडीका कथा र कहानी सुन्न थालेको पनि धेरै भयो । न यसको अन्त्य हुन्छ न त यसले निकास पाएको छ । विशेष गरी सुदूरपश्चिम र कर्णालीमा यस्ता हृदयविदारक घटना धेरै हुन्छन् । अझै कर्णालीभन्दा पनि सुदूरपश्चिमतिर छाउलाई कडा रूपमा वर्जित गरिन्छ । यसको मतलब सुदूरपश्चिममा छाउलाई छिः छिः र दुरदुर गरिएको छ भन्ने कुरा सजिलै बुझ्न सकिन्छ । यो क्षेत्रमा छाउ भएको बेला छोयो भने सर्वनाशै हुन्छ भन्ने मान्यता छ । घरको जगसमेत छुन दिइँदैन । आफू बस्ने घर भलै पक्की किन नहोस् छाउ बस्ने गोठ भने साँघुरो सुँगुरको खोर जत्रै बनाइएको हुन्छ तर काममा भने वञ्चित गरिन्न ।

छाउगोठ सानो र धेरै साँघुरो हुन्छ । खुट्टा तानेरसम्म सुत्न नमिल्ने गरी बनाइएको हुन्छ । झ्याल वा कुनै हावा आउने दुलोसमेत हुँदैन । ढोका पनि मुस्किलले छिर्न सकिने मात्रै बनाइएको हुन्छ । त्यसैभित्र छेवैमा आगो बाल्ने चुलो हुन्छ । ओढ्न ओछ्याउनका लागि लुगाकपडा धेरै हुँदैन । भए पनि छोइने डरले धेरै र बाक्लो कपडा छुई भएको बेला ओढ्न दिइन्न । जाडोबाट बच्न राति आगो बालिन्छ र यसैको कारण अनिष्ट हुन जान्छ । धेरै जसो छाउपडी छाउगोठमा धुवाँ निसास्सिएर मर्ने र आगोमा पोलिएर मरेको पाइन्छ । कोही सर्पदंशका कारण ज्यान गुमाउँछन् । कोही जङ्गली जनावरको आक्रमणबाट मर्छन् । कोही मानवरूपी दानवको आक्रमणका कारण ज्यान गुमाउँछन् ।

नारीवादीहरू भन्छन्, महिनावारी एक प्राकृतिक प्रक्रिया हो तर समाजले त्यसलाई अशुद्धता र अर्थहीनताको रूपमा हेर्छ । छाउपडी प्रथाले महिलालाई शारीरिक, मानसिक र आर्थिक रूपमा कमजोर बनाउँछ । यो महिला दमनको अर्थतान्त्रिक रूप हो । यस्ता महिलाको स्कुल हाजिरी, काममा उपस्थिति, उत्पादकत्वमा पनि ह्रास ल्याउँछ । यहाँ मैले छाउलाई पुँजीवादी प्रवृत्तिमा जोड्न खोजेँ । पुँजीवादी प्रणालीमा महिला दोहोरो शोषणमा पर्छन् । पुँजीवाद र पितृसत्तात्मक सोच एक आपसमा मेल खान्छ । श्रमिकको हैसियत र लिङ्गको आधारमा महिलाहरू दोहोरो शोषणमा पर्छन् । पुँजीवादी प्रणालीमा श्रमिकलाई न्यून ज्यालामा काम गराइन्छ । महिलाहरू पनि श्रमिकका रूपमा न्यून ज्याला मजदुरी, अस्थायी रोजगार र असुरक्षित काममा संलग्न हुन्छन् । धेरै जसो महिला मजदुरले समान काम गरे पनि पुरुषको तुलनामा कम ज्याला पाउँछन् । कारखाना, गार्मेन्ट, कृषि क्षेत्रमा काम गर्ने महिला न्यून पारिश्रमिकमा लामो समयसम्म काम गर्छन् । जहाँ मजदुर, सुरक्षा र अधिकारको सुनिश्चितता हुँदैन ।

पुँजीवादले पितृसत्तात्मक संरचनालाई बल पुऱ्याउँछ । महिलामाथि घरभित्रको कामको भारी छुट्टै छ । जसको पारिश्रमिक हुँदैन । कामको गणना पनि गरिँदैन । यस कारण महिलालाई अर्थतन्त्रमा मान्यता दिइँदैन तर पुँजीवादी अर्थतन्त्र त्यसैको भरमा चलिरहेको हुन्छ । उदाहरणका रूपमा महिलाबाट घरमा निःशुल्क सेवा लिइन्छ, यसले श्रमिक पुरुषको काममा योगदान पुऱ्याउँछ तर मूल्याङ्कन गरिँदैन । महिलालाई घरमा घरका सदस्यको स्याहार सुसार र रेखदेखको भूमिकामा राखिन्छ । यसले महिलाको व्यक्तिगत, आर्थिक र सामाजिक स्वतन्त्रता हनन गर्छ ।

महिलालाई भोग्यताका रूपमा पनि प्रयोग गरिएको छ । पुँजीवादले महिलाई एक 'उपभोक्तावादी वस्तु' को रूपमा प्रस्तुत गर्छ । विज्ञापन, मिडिया, सौन्दर्य उद्योग र यौन पर्यटन जस्ता क्षेत्रमा महिलाको शरीरलाई बजारको वस्तु बनाइन्छ । शरीर अनुसार मोलमोलाई गरिन्छ । यसबाट पुरुष वर्ग लाभान्वित हुन्छ । वर्गमा आधारित शोषणले महिलाहरूको आर्थिक अस्तित्व कमजोर बनाउँछ भने लिङ्गमा आधारित शोषणले सामाजिक स्थिति, अधिकार र पहिचानलाई दबाउँछ ।

नेपालको ग्रामीण समाज अझै पनि पितृसतात्मक र परम्परागत नै छ । पुँजीवादले ग्रामीण क्षेत्रका पुँजीहरू सहरमुखी बनाउँछ । ग्रामीण महिलालाई शिक्षा, स्वास्थ्य र रोजगारीमा पछाडि धकेल्छ । यो अवस्थाले छाउपडी जस्ता परम्परागत धार्मिक अन्धविश्वासी अभ्यास अझै बाँकी रहन सहयोग गर्छ । पुँजीवादी प्रणालीमा महिलाको दोहोरो शोषणलाई महिनावारीसँग जोड्न सकिन्छ । महिनावारीको बेला महिलाको जिउ कमजोर र थकित हुन्छ तर काम गर्न रोक लगाइन्न । कामको श्रमिक हक पनि उनीहरूमा हुँदैन । आराम र विश्रामको अधिकार नभएको अवस्थामा महिलाको शारीरिक र मानसिक शोषण भइरहेको हुन्छ । अग्रजकै इसारामा महिलाहरू चल्नुपर्ने बाध्यता हुन्छ । छाउगोठमा बस्न बाध्य गराउने पनि यही वर्ग हो ।

पछिल्लो समय मध्यम वर्गीयभन्दा न्यूनवर्गीय परिवारका महिलाहरूले छाउको पीडाबाट धेरै सास्ती भोग्नु परिरहेको छ । गरिब महिलालाई बोक्सीको आरोप लागे जस्तै गरिब महिलालाई बढी छाउको बेलामा दुरदुर गरिन्छ । हुनेखानेले घरको आसपास र घरभित्र छाउ बस्ने ठाउँ बनाएका हुन्छन् । हुनेखानेका महिलाहरू महिनावारीमा घरभित्रै बसे पनि उनीहरूमाथि कसैको औँला उठ्दैन । गरिबको घरको खानापानी नै वर्जित गरिन्छ । यो पनि पुँजीवादको उदाहरण नै हो । पितृसत्ताले छाउलाई लाजको कुरा बनाउँछ भने पुँजीवादले त्यसको फाइदा उठाउँछ । छाउ भएको बेलामा प्रयोग हुने सामग्री जस्तै : सेनेटरी प्याड, साबुन, पेनकिलर जस्ता चीजवस्तुमा कर असुल्ने काम हुन्छ । यो पनि महिलामाथिको आर्थिक शोषण हो । तिम्रा भित्री वस्त्रहरू धोएर घाममा नसुकाउ भन्छ । घाममा सुक्न नपाउँदा त्यस्ता वस्त्रहरू सङ्क्रमित हुन्छन् र सङ्क्रमित वस्त्रको प्रयोगले रोग निम्तिन्छ । यो सामाजिक र मानसिक शोषण हो ।

अरू बेला छिः छिः र दुरदुर गरिए पनि कामको बेलामा भने छाउ गौण हुन्छ । महिला मजदुरलाई छाउको बेला काममा छुट्टी दिइँदैन । कारखाना, गार्मेन्ट वा फ्याक्ट्रीमा छाउको व्यवस्थापनका लागि आवश्यक शौचालय, पानी, प्याडको व्यवस्थापन गरिएको हुँदैन । श्रममा समानता भए पनि शारीरिक आवश्यकताको बेवास्ता भएको पाइन्छ । यो भनेको लैङ्गिक शोषण हो । त्यसैले छाउ भएको बेलामा महिलाका लागि शारीरिक पीडा, सामाजिक अपमान र आर्थिक शोषणबाट गुज्रिनु पर्छ । घरबाहिर काम नगर्ने महिलालाई पनि छाउमा कामबाट छुटकारा मिल्दैन । झन् मेलापात र घाँस दाउराको चटारो बढ्छ । यो भनेको पुँजीवादी प्रणालीको जीवित प्रमाण हो । पुँजीवादले यसलाई झन् बलियो बनाएको छ ।

नेपालको संविधान र मुलुकी फौजदारी संहिता २०७४ अनुसार छाउपडी प्रथा गैरकानुनी छ । २०७५ सालदेखि छाउपडी बस्न बाध्य पार्ने वा बस्ने दुवैलाई तीन महिना जेल वा जरिबाना गर्न सकिने कानुनी प्रावधान छ तर अहिलेसम्म पनि यसको कुनै प्रवाह नगरी छाउगोठ ज्युँका त्युँ छन् । महिलाको अकाल मृत्यु रोकिएको छैन ।

## तीन पालिका निमित्तक.............

बल्ल प्रमुख प्रशासकीय अधिकृत खटाएको छ । यहाँका तीन नगरपालिकामा उपसचिव र चार गाउँपालिकामा शाखा अधिकृतलाई प्रमुख प्रशासकीय अधिकृतका रूपमा सरुवा गरिएको हो ।

ईश्वरपुर नगरपालिकामा उपसचिव रामप्रसाद पोखरेल, बागमती नगरपालिकामा उपसचिव इन्द्र गौतम र बलरा नगरपालिकामा उपसचिव धर्मानन्द जोशीलाई प्रमुख प्रशासकीय अधिकृतका रूपमा पठाइएको छ । यस्तै चन्द्रनगर गाउँपालिकामा शाखा अधिकृत हरिशङ्कर यादव, धनकौल गाउँपालिकामा शाखा अधिकृत चन्द्रशेखर शर्मा, रामनगर गाउँपालिकामा शाखा अधिकृत उमेश महतो, ब्रह्मपुरी गाउँपालिकामा शाखा अधिकृत धीरेन्द्रकुमार यादव र कौडेना गाउँपालिकामा शाखा अधिकृत उदयशङ्कर चौधरीलाई प्रमुख प्रशासकीय अधिकृत बनाएर खटाइएको छ ।

यी गाउँपालिकामा अहिले प्राविधिक, स्वास्थ्यकर्मी र शिक्षा शाखाका कर्मचारी निमित्त प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यरत छन् । यसअघि पनि मन्त्रालयले बारम्बार उपसचिव र शाखा अधिकृतलाई सरुवा गरेर पठाउँदा केही पालिकामा हाजिर नै नगराउने र कतिपय कर्मचारी आफैँ आउन नमान्ने गरेकाले यस पटक सरुवा गरिएको प्रमुख प्रशासकीय अधिकृत पनि आउने/नआउने निश्चित छैन ।


## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकाी गाउने गनुपछ ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवाि साथीहरू सवलाइ सचेतना फलाउने ।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
- चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
- पीडित प्रभावितहरूलाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वाताावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।

मटिहानि नगपालिका , महोत्ती, मधेश प्रदेश








# विवाहसम्बन्धी कानुन संशोधनबारे मधेशी आयोगले गर्यो सुझाव सङ्कलन



● टक नेपाल

मधेशी आयोगले विवाहसम्बन्धी कानुन र विवाहको उमेर हद कायम सम्बन्धमा सरो कारवालाहरुसँग सुझाव सङ्कलन गरेको छ।

राजविराजमा शुक्रबार आयोगले विवाहसम्बन्धी अहिलेको कानुन संशोधन गर्ने विषयमा सरकारी तथा जनस्तरबाट व्यापक चर्चा, परिचर्चा र बहस चलिरहेका बेला सरोकारवालाहरुसँग सुझाव सङ्कलन गरेको हो।

प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि आयोगका सदस्य आभासेतु सिंहले विवाहकै विषयलाई लिएर हाल समाजमा भइरहेका विभिन्न हिंसाका घटनालाई मध्य नजर गर्दै विवाहसम्बन्धी कानुनमा संशोधनका लागि सुझाव सङ्कलन गर्न लागिएको बताउनुभयो।

उहाँले सरोकारबालाबाट प्राप्त राय सुझाव सङ्कलन गरी आवश्यक कार्यार्थका लागि आयोग मार्फत सरकारलाई बुझाइने जानकारी दिनुभयो।

हाल कानुनमा विवाहको उमेर २० वर्ष कायम रहेकोमा त्यसलाई संशोधन गरी १८ वर्ष उमेर हद कायम गर्नु पर्नेमा सरोकारबालाहरुले जोड दिनुभएको छ।

उहाँहरुले प्रचलित कानुन र यसले पारेको सकारात्मक र नकारात्मक प्रभाव, सामाजिक परम्परा, जनसङ्ख्याको बनोट, शारिरीक र मानसिक विकासको अवस्था, व्यवहारिक, शैक्षिक र चेतनाको अवस्था, अन्तर्राष्ट्रिय अभ्यास लगायतका विषयमा गहन अध्ययन र विश्लेषण हुनु पर्ने जिकिर गर्दै सुझाव राख्नुभएको थियो।

कार्यक्रममा उच्च अदालत जनकपुर-राजविराज इजलाशका रजिष्टार लोकनाथ पराजुली, बरख गणका प्रमुख सेनानी शोभित बहादुर चन्द, प्रहरी उपरिक्षक गौतम कुमार केसी, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक कुलचन्द्र नेपाल, जिल्ला समन्वय अधिकारी कुन्दन कुमार कर्ण, राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिकिशोर प्रसाद राजवंशी, राजगढ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज झाका साथै विभिन्न पालिका र संघसस्थाका प्रतिनिधिहरु समेतले आ-आफ्नो सुझाव दिनुभएको थियो।

# मधेसमा अन्तरक्रियासहित १८औं राष्ट्रिय पुस्तकालय दिवस मनाइयो

● टक नेपाल




१८औं राष्ट्रिय पुस्तकालय दिवस-२०८२ को अवसरमा 'पठन संस्कृति प्रवर्द्धन : सम्भावना र चुनौती' विषयक अन्तरक्रिया कार्यक्रम शनिबार महोत्तरीको देउराली माध्यमिक विद्यालयको सभाकक्षमा सम्पन्न भएको छ।

नेपाल लाइब्रेरी फाउन्डेशन गृह पुस्तकालय अभियान मधेस प्रदेश समन्वय समितिको आयोजनामा तथा महोत्तरी जिल्ला समन्वय समितिको सहआयोजनामा सम्पन्न कार्यक्रममा जिल्ला संयोजक सरिता पोखेलले सञ्चालन गरेकी थिइन् भने नगर संयोजक शान्ता काफ्लेले स्वागत मन्तव्य दिएकी थिइन्।

कार्यक्रम मधेस प्रदेश समन्वय समितिका संयोजक प्रेमकुमार घिमिरेको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा प्रगतिशील लेखक संघ (प्रलेस) मधेस प्रदेश अध्यक्ष नारायण घिमिरे, बुद्धयौली साहित्य समाज सिरहाका अध्यक्ष गणेश अधिकारी, गृह पुस्तकालय अभियान धनुषाका संयोजक गणेश तिमल्सिना 'गति', मिथिला साहित्य प्रतिष्ठान धनुषाका अध्यक्ष विपिराज दाहाल, सिस्नुपानी नेपाल महोत्तरीका अध्यक्ष नारद काफ्ले, बलेसी साहित्य समाज महोत्तरीका अध्यक्ष भीम राउत, प्रलेस रौतहटका अध्यक्ष रामप्रसाद आचार्य, बर्दिवास साहित्यिक-सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष रामचन्द्र पौडेललगायत साहित्यकर्मी, पुस्तकालय व्यवस्थापक, शिक्षक तथा पत्रकारहरूले पठन संस्कृति प्रवर्द्धनका विषयमा आफ्ना धारणा राखेका थिए।

वक्ताहरूले ज्ञान र सूचनाको युगमा पठन संस्कृतिको अपरिहार्यता औंल्याउँदै बौद्धिक जीवनका लागि पठनलाई अन्नसरह आवश्यक रहेको उल्लेख गरे। उनका अनुसार पठनले सोच, चेतना र व्यवहारमा गहिरो प्रभाव पार्ने भएकाले विद्यालय, महाविद्यालय, विश्वविद्यालय र सामुदायिक पुस्तकालयहरूको सञ्जाललाई सुदृढ बनाउन आवश्यक छ।

अन्तरक्रियामा "पढ्ने बानी, उज्यालो भविष्य" जस्ता अभियान सञ्चालन गने, विद्यालयमा 'पठन दिवस' वा 'पढ्ने घण्टा' प्रचलनमा ल्याउने, पुस्तक समीक्षा प्रतियोगिता आयोजना गर्ने लगायतका माध्यमबाट बालबालिकामा पठनप्रतिको आकर्षण बढाउन सकिने सुझाव राखियो। साथै, ई-बुक, अनलाइन लेख र डिजिटल पुस्तकालयहरूले परम्परागत पढ्ने अभ्यासलाई नयाँ दिशा दिएको धारणा प्रस्तुत गरियो।

तर, सामाजिक सञ्जालप्रतिको अत्यधिक आकर्षण, छोटा कन्टेन्ट र भिडियो मनोरञ्जनमा बढ्दो झुकाव, गाउँ-बस्तीमा पुस्तकको अभाव, पुस्तकको महँगो पन, परीक्षा-केन्द्रित पढाइ र राज्यको प्राथमिकतामा पठनलाई नदिइएको स्थानले पठन संस्कृतिमा चुनौती थपिएको पनि वक्ताहरूको निष्कर्ष थियो।

कार्यक्रममा मधेस प्रदेशका सिरहा, धनुषा, महोत्तरी, सर्लाही र रौतहटका प्राचार्य, शिक्षक, साहित्यकर्मी, गृह पुस्तकालय अभियन्ता, पुस्तकालय व्यवस्थापक तथा पत्रकारहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

# तीन पालिका निमित्तकै भरमा

● टक नेपाल

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले देशका कुनै पनि पालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृत नरहेको घोषणा गरे पनि सर्लाहीका तीन पालिका अझै निमित्तको भरमा छन्।

मन्त्री न्यौपानेले बिहीबार १२२ उपसचिव र ९७ जना शाखा अधिकृतको एक साथ सरुवा गर्दै देशभरका पालिकालाई निमित्तविहीन बनाएको घोषणा गर्नुभएको थियो। नगरपालिकामा उपसचिव र गाउँपालिकामा शाखा अधिकृत प्रमुख प्रशासकीय अधिकृत हुने व्यवस्था छ।

मन्त्रालयले सर्लाहीका लागि तीन जना उपसचिव र पाँच जना शाखा अधिकृत सरुवा गरेर पठाउँदा अझै तीन पालिका छुटेका छन्। हरिपुर नगरपालिका, कविलासी नगरपालिका र विष्णु गाउँपालिका अझै निमित्तकै भरमा रहने भएका छन्। हरिपुर नगरपालिकामा गत वर्ष माघदेखि नै शाखा अधिकृत विनय पौडेलले निमित्त प्रमुख प्रशासकीय अधिकृत भएर काम गरिरहनुभएको छ। कविलासी नगरपालिकामा आयुर्वेद शाखाका वैद्य निरीक्षक राजकिशोर महतोले निमित्त भएर काम गरेको लामो समय भइसकेको छ।

विष्णु गाउँपालिका पनि बर्सौंदेखि निमित्तकै भरमा चलिरहेको छ। गाउँपालिकामा स्वास्थ्य शाखाका कर्मचारी सञ्जीव सापकोटाले अघिल्लो कार्यकालका जनप्रतिनिधि हुँदादेखि नै निमित्त प्रमुख प्रशासकीय अधिकृत भएर काम गर्दै आइरहनुभएको छ।

मन्त्रालयले निमित्त प्रमुख प्रशासकीय अधिकृत रहेका जिल्लाका अन्य आठ पालिकामा भने बिहीबार बाकी पष्ठ ३.....










बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014